भूमि प्रशासन कार्यालय भैरहवाबाट जारी भएको
नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना

(सूचना प्रकाशन मिति २०८३/०७/११)

सुचना ।　　सुचना ।।　　सुचना ।।।

जिल्ला रुपन्देही साविक साडि-२ हाल गैडहवा गाँउपालिका वडा नं १ बस्ने श्री मनरुचन पासी को वुहारी श्री गंगाराम पासीको श्रीमती नेमा देवी पासी तथा मनरुचन पासीको छोरा दयाराम पासीले आफ्नो ससुरा/बुबा को नाममा नाप नक्सा भई दर्ता हुन छुट भएको साविक साडी गा.वि.स वडा नं २ कि.नं २८३ ज.वी०-१३-१८ को जग्गा छुट दर्ता निवेदन दिएकोमा हाम्रो बाबु/ससुरा मनरुचन पासीको मिति २०४९।११।२० मा र निजको एकमात्र श्रीमति हाम्रो आमा/सासु मुधुना पासीको मिति २०७८।११।०८ मा मृत्यु भएको हो ।निजहरुबाट २ छोराहरु गंगाराम पासी र दयाराम पासीको जायजन्म भएकोमा गंगाराम पासीको मिति २०७९।१२।०६ मा मृत्यु भएकोले हाल निजको हकवाला हामि छोरा/बुहारी(गंगाराम पासीको पत्नी) छोरा दयाराम पासी र वुहारी (गंगाराम पासीको पत्नी) नेमा देवी पासीले जिल्ला रुपन्देही साडी गा.वि.स वडा नं. २ कित्ता नं. २८३ ज.बी -१३-१८कित्ता जग्गा नाप नक्सा भई दर्ता हुन बाकि रहेकोले हाम्रो संयक्त नाममा छुट जग्गा दर्ता गरि पाउँ भनि द.नं. ६२१५ मिति २०८३।०६।२७ मा यस कार्यालयमा निवेदन पेश गरेकोमा उल्लेखित जग्गा जमिनमा जोतभोग कसले गरेको छ ? कुनै प्रकृतिको सरकारी/सार्वजनिक जग्गा घुसेको छ/छैन् ? अन्य कुनै व्यक्ति वा संघसस्थाको हक हनन् हुन्छ/हुदैन ? नापी नक्सा भई दर्ता हुन बाकि रहेको जग्गा निवेदको नाम दर्ता गर्न मिल्छ/मिल्दैन ? सो सम्बन्धमा यस कार्यालयबाट हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यदी कोही कसैको दावी, विरोध,उजुर, बाजुर भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

इति सम्बत् २०८३ साल कार्तिक महिना ११ गते रोज ४ शुभम् ।